# महिला स्वास्थ्य स्वयं सेविकाको लागि दुई दिने पुनर्ताजगी तालिम

# सहजकर्ता निर्देशिका

सुआहारा
२०७०

## पृष्ठभूमि

नेपाल सरकारले पोषण अवस्थामा सुधार ल्याउन खानाको उपलब्धता र पहुचमा मात्र नभई यस सम्बन्धी व्यवहार र ज्ञानको अझ बढी महत्व छ भनी समुदायमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग लगायत अन्य सम्बन्धित क्षेत्रहरुबाट प्राथमिक्ताका साथ विविध कार्यक्रमहरु संचालन गर्दै आएका छन् । यसैगरी सुआहाराले सरकारको कार्यसग समन्वय गरी बहुक्षेत्रीय पोषण कार्यक्रम स्थानिय स्तरमा गएको २ वर्ष देखि समुदाय स्तरमा कार्यक्रहहरु गर्दै आईरहेको छ । यस कार्यक्रमको मुख्य लक्ष्य महिला तथा दुईवर्ष मुनिका बालबालिकाको समग्र पोषणको अवस्थामा सुधार ल्याउनु हो । बहुक्षेत्रिय पोषण कार्यक्रम सुआहाराले पोषण लगायत सरसफाई, कृषि,परिवार नियोजन, प्रजनन स्वास्थ्य, व्यवहार परिवर्तन संचार र बाल स्वास्थ्यको क्षेत्रमा विशेष महत्त्वका साथ काम गर्दछ । यस कार्यक्रमले नेपालमा समग्र स्वास्थ्य सेवाको स्तरमा गुणात्मक सुधार ल्याउनुको साथै सेवा प्रवाहमा संलग्न स्वास्थ्यकर्मीहरुको पोषण तथा मातृशिशु स्वास्थ्यमा परामर्श प्रदान गर्ने क्षमतामा आवश्यक सुधार ल्याउनु हो ।

सुआहारा कार्यक्रमले सन् २०१२/२०१३ मा ( कार्यक्रमको दोस्रो बर्षमा ) साना साना गर्न सकिने कार्यहरुको लागि ब्यवहार परिवर्तन संचारका सिद्धान्तमा आधारित रहेर म.स्वा.स्व.से.को लागि ५ दिने एकिकृत पोषण तालिम संचालन गरेको थियो । जस अनुसार म.स्वा.स्व.से. हरुले दुई वर्ष मुनिका बालबालीकाको ब्यवहार /सन्देसहरु सम्बन्धि ज्ञान प्रदान गर्ने, विरामी बच्चा तथा महिलाको (गर्भवती तथा सुत्केरी) खानाको लागि सिफारिस गरिएका खाना सम्बन्धि ब्यवहार, अत्यावश्यक सरसफाई बारेमा ज्ञान र सिपहरु प्रदान गर्दै आईरहेका छन् । यहि कार्यलाइ अझ प्रभावकारी वनाउन साथै उनीअरुको क्षमता अभिवृधि गराउने उद्देश्यले दुई दने पुनर्ताजगी तालिम सुआहाराले तेस्रो वर्ष (सन् २०१३/२०१४) को कार्य योजनामा राखेको हुंदा यस तालिम प्रभावकारीका साथ संचालन गर्न यो सहजकर्ता निर्देशिका तयार पारिएको हो।

## पुनर्ताजगी तालिमको उद्देश्यहरु

- एकिकृत पोषण सम्बन्धि ज्ञान र सिपहरुको पुनर्ताजगी गर्ने ।
- एकिकृत पोषण सम्वन्धि थप ब्यवहार र सिपहरु प्रदान गर्न क्षमता अभिवृद्धि गर्ने ।

**तालिम संचालन प्रक्रिया**

यो तालिम समुदाय स्तरमा संचालन गरिनेछ ।

**अवधी :** २ दिन

**तलिम स्थान :** गा.वि.स.स्तरमा

**सहभागी :** महिला स्वास्थ्य स्वयं सेविका

**सहभागी संख्या :**९ देखी १८ जना (सहभागी सख्या गा. वि. स. मा भएको महिला स्वास्थ्य स्वयं सेविका भर पर्दछ )

**श्रोत व्यक्ति :**

- स्थानिय स्वास्थ्य संस्था प्रमुख/स्थास्थ्य कर्मी– १
- फिल्ड सुपरभाइजर –१

**महिला स्वास्थ्य स्वयं सेविकाको लागि दुई दिने पुनर्ताजगी तालिम**

**दैनिक कार्य तालिका**

| **समय** | **शीर्षक** |
|---|---|
| **पहिलो दिन** | |
| १०:०० - १०:३० | स्वागत /परिचय/उद्धेश्य |
| १०:३० - १२:३० | एकिकृत पोषण तालिमको पुनरावलोकन |
| १२:३० - १:३० | सक्रिय खुवाई |
| १:३०- २:०० | खाजा |
| २:००- २:३० | बिरामी बच्चाको खुवाई तथा स्याहार |
| २:३० - ३:०० | परिवार नियोजन |
| ३:००-४:०० | चर्पीको प्रयोग र बच्चाको दिसालाई सुरक्षित व्यवस्थापन |
| ४:००-४:१५ | समापन |
| **दोस्रो दिन** | |
| १०:०० - १०:३० | पुनरावलोकन |
| १०:३० - ११:४५ | घरायसी खाद्यन्न उत्पादन |
| ११:४५ - १ :१५ | अन्तर व्यक्ति सञ्चार |
| १ :१५ - २:१५ | बञ्चितमा परेका समुहको समावेशी र परिवारको सहयोग |
| २:१५ - २:४५ | खाजा |
| २:४५ - ३:४५ | स्वास्थ्य आमा समुह बैठक र पोषीलो खाना प्रर्दशन |
| ३:४५ - ४:०० | समापन |

# महिला स्वास्थ्य स्वयं सेविकाको लागि दुई दिने पुनर्ताजगी तालिम

| समय | शिर्षक | उद्देश्य | क्रियाकलाप /विधि | आवश्यक सामाग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| ३० मि. | स्वागत/परिचय/ उद्देश्य | सहभागीहरु प्रशिक्षक तथा स्रोत व्यक्तिहरु एक आपसमा परिचित तथा घुलमिल हुनेछन् । | **विधि** : साथीको परिचय, छलफल, व्याख्यान<br>**क्रियाकलाप**<br>➢ एउटा साथीले आफ्नो दायांपट्टि बसेको अर्को साथीको नाम, पद, सेवा अवधि, वताउने लगाउनु होस् । यसै गरि सबैको परिचय सकाउने ।<br>➢ सहभागिहरुलाई निमन्त्रणा स्वीकार गरी आ-आफ्नो कार्य व्यवस्ताताको बाबजुद तालिममा सहभागी हुनुभएकोमा धन्यबाद दिदै हार्दिक स्वागत गर्ने ।<br>➢ कार्यक्रमको उद्देश्य बारे बताउने<br>• एकिकृत पोषण सम्बन्धि ज्ञान र सिपहरुको पुनर्ताजगी गर्ने ।<br>• एकिकृत पोषण सम्वन्धि थप व्यवहार र सिपहरु प्रदान गर्न क्षमता अभिवृद्धि गर्ने ।<br>सहभागिहरुलाइ केही जिज्ञासा भए सोध्न प्रोत्साहन गर्ने । | तालिमको उद्देश्यबारे लेखिएको न्यूज प्रिन्ट र मास्किङ्ग टेप | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ घण्टा | पुनरावलोकन | सहभागिहरुले ५ दिने तालिममा पोषण सम्बन्धि सिकेका कुराहरुलाई छलफल द्वारा पुनर्रताजगी गर्ने छन् । | **विधि** : अन्तरक्रिया, छलफल, खेल क्रियाकलाप<br>**क्रियाकलाप**<br>➢ सहभागीहरुलाई पहिलेको ५ दिने तालिममा के के कुरामा छलफल गरीएको थियो भनेर सोध्नुहोस् ।<br>➢ सहभागीले भनेका विषयहरुलाई न्यूज प्रिन्टमा टिप्दै जानुहोस र धन्यवाद ज्ञापन गर्नुहोस् ।<br>➢ महिलाको पोषण, स्तनपान गराइरहेको, थप तथा पूरक खाना खुवाइरहेको, विरामी बच्चाको खुवाइ, सरसफाइ (हात धोइरहेको), पानी शुद्धिकरण को फोटो तल घोप्टो पारेर राख्नुहोस् ।<br><br>*नोट : समय हेरेर यदी सहभागीहरुलाई अन्य थप विषयमा पुनरावलोकन गराउन जरुरी छ भने फोटोहरु थप्न सक्नुहुनेछ ।*<br><br>➢ सहभागीलाई अगाडी पालैपालो आई घोप्टो पारेर राखेको फोटो तान्न लगाउनुहोस् र जसले जुन फोटो तानेको छ उसले सोही विषयको मूख्य सन्देश भन्नु पर्ने कुराको जानकारी दिनुहोस् ।<br><br>***नोट** : पुनरावलोकन गराँउदा सहभागी हरुले आफूमा भएको सिपको माध्यमबाट गर्न सक्ने छन् । यदी उहाँहरुलाई पुनरावलोकन गराउन गाह्रो भएमा पुनरावलोकन विधिको बारेमा सहजीकरण गरिदिनुहोस र सजकर्ताले सहभागीहरुले पुनरावलोकन गरेको विषयमा बिस्तृत रुपमा प्रस्ट पार्ने ।* | न्यूजप्रिन्ट, पार्कर मास्किङ्ग टेप, पुनरावलोकन गर्ने विषय बस्तुको फोटोहरु जस्तै<br>अत्यावस्यक पोषण कार्य स्वस्थ्य बच्चा (१००० दिनको महत्त्व)महिलाको पोषण, स्तनपान थप खाना,<br>सरसफाइ<br>पानी शुद्धिकरण | आज पुनरावलोकन गरेका विषयवस्तुहरु के के हुन ? |

| | | | | | |
|---|---|---|---|---|---|
| १ घण्टा | सक्रिय खुवाई | सहभागीहरूले सक्रिय खुवाइको कसरि गर्ने भन्ने सिप प्रदर्शन गर्न सक्षम हुनेछन् । | **विधि**: भुमिका अभिनय, छलफल<br>**क्रियाकलाप**<br>➢ सहभागीहरुलाइ सक्रिय खुवाई भन्नाले के बुझ्नु हुन्छ भनेर प्रश्न गर्नुहोस् । उहाँहरुले भनेको कुरालई ध्यान दिएर सुन्नुहोस् र तल उल्लेख बारे बताउनुहोस् ।<br>**सक्रिय खुवाइ :** शिशु/बाालबालिका लाई खानामा ध्यान आकर्षित गर्दै उसले गरेको संकेतहरुलाई ध्यान दिई कुरागर्दै खुवाउनु लाईनै सक्रिय खुवाइ भनिन्छ ।<br>➢ सक्रिय खुवाइ किन महत्वपूर्ण छ भनि प्रश्न सोध्ने र सहभागीहरुले भनेका उत्तरलाई न्यूजप्रिन्टमा टिप्ने।<br>➢ सबै सहभागीलाई सक्रियताका साथ भाग लिई दिनु भएकोमा धन्यवाद दिनुहोस् र तलका कुराहरु बताउनुहोस् ।<br>**सक्रिय खुवाइको महत्व :**<br>● शिशु/बालबालिकाको शारिरिक तथा मानसिक वृद्धि विकास राम्रोसंग हुनुका साथै समय अनुसार उपर्युक्त तरीकाले हुने गर्दछ ।<br>● शिशु/बालबालिकाको समयमानै भाषाको विकास हुन्छ ।<br>● शिशु/बालबालिकाको खानामा रुची बढ्छ ।खाना राम्रो संग खान्छन् ।<br>**खुवाउने तरीकालाई कसरी सक्रिय बनाउने**<br>● खुवाउँदा सधैं बच्चाको आँखामा हेर्दै, खेलाउँदै, कुरा गर्दै, वा गीत गाउँदै खुवाउने ।<br>● खानामा ध्यान आकर्षित गर्नुपर्दछ ।<br>● खाना खाने समय रमाइलो गर्ने समय हो भन्ने भान गराउनुपर्दछ जसले गर्दा बच्चाले सधैं खाना खुसी भएर खान्छ ।<br>● सधैं फरक फरक स्वादको खाना खुवाउनाले उसको खानामा रुची बढ्छ ।<br>● विभिन्न संकेतहरु (जस्तै : बच्चालाई खाना पुगेमा बच्चाले मुख बटार्छ, पेट डम्म हुन्छ, खान मान्दैन, भोक लागेमा बच्चाले खाने बेलामा मुख मिठ्याउँछ, खानातिर हेर्छ र खाना देखेपछि बच्चा खुसी हुन्छ साथै अरुले खाना खाएको देख्दा खाना लिन खोज्छ) लाई विचार | १) घरमा प्रयोग भएका सामग्रीहरू जस्तै : प्लास्टिक झोला, रुमाल, बोतल आदि ।<br>२) घरेलु खेलौना<br>३) केही खानेकुरा, हातधुने सावुन बाटा, मग, बाल्टी<br>४) सन्देश लेखेको न्युजप्रिन्ट, मास्किङ टेप, मार्कर, पुस पिन । | सक्रिय खुवाई भन्नाले के बुझिन्छ । सक्रिय खुवाईमा ध्यान दिनुपर्ने कुराहरु के के हुन् । |

पुऱ्याउन पर्छ ।

- स्तनपान गराईरहेको शिशुलाई पनि स्तनपान गराउँदा, गीत गाउने, कुरा गर्ने कपाल सुम्सुमाउने, हात गोडा मुसार्ने जस्ता क्रियाकलापले पनि स्तनपान सक्रिय बनाउन सकिन्छ ।

➢ सक्रिय खुवाइको लागि वालवालिका सँग वार्तालाभ गर्नका लागि खेलाउनाको प्रयोग गर्न सन्छि भनि घरमा भएका सामानहरूको प्रयोग गरी विभिन्न खेलौना तयार गर्न सहभागीलाई नै लगाउने । जस्तै : प्लास्टिकको झोलाको बल बनाउने, मकैको घोगालाई काटेर खेलाउना आदि ।

➢ बच्चालाई महँगा बजारका खेलाउनाले मात्र नभई स्थानीय स्तरमा पाइने चिजबिज बाट पनि मनोरञ्जन गराउन सकिने कुरामा जोड दिने र यस्ता खोलाउने कुरा बनाउँदा बच्चालाई हानी पुऱ्याउने खालका सामान प्रयोग गर्नुहुँदैन र सरसफाईमा पनि ध्यान दिनु पर्दछ भनि छलफल गराउनुहोस् ।

*दुई जना सहभागीलाई खेलौना बनाउने समय भएको बेलामा बोलाएर ३ मिनेटको आमा र बच्चाको छोटो भूमिका निर्वाह गर्न तलका क्रियाकलाप अपनाउनुहोस् :*
*–एक जनालाई खान नमानेको/झिझो मानेको बच्चाको भूमिका निर्वाह गर्न लगाउने।*
*–अर्को सहभागीलाई आमाको भूमिका गर्न लगाउने र आमाले आफ्नो हात साबुनपानीले मिचीमिची धोएर बच्चालाई खानामा आकर्षित गर्दै स्थानीय स्तरबाट तयार भएको खेलौना खेलाउँदै र बच्चालाई फकाउँदै खुवाउनको लागि जोड दिने र खुवाउने ।*
*(सन्दर्भसमाग्री मा भएको स्कीप्ट दीने)*

➢ भूमिका निर्वाह कार्य समाप्तपछि के के देख्नु भयो र वझ्नु भयो भनि प्रश्न सोध्नुहोस् ।

➢ अब सहभागीहरुबाट धेरै कुराहरु आईसकेपछि सक्रिय खुवाईको बारेमा तलका बुंदाहरु समेट्दै समूह छलफललाई समिक्षा गर्ने ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • बच्चालाई खुवाउँदा सधैं बच्चाको आँखामा हेर्दै, खेलाउँदै, कुरा गर्दै, गीत गाउँदै खुवाउनुपर्छ ।<br>• बच्चालाई खानामा ध्यान आकर्षित गर्नुपर्दछ ।<br>• बच्चाको लागि खाना खाने समय रमाइलो गर्ने समय हो भन्ने भान गराउनुपर्दछ जसले गर्दा बच्चाले सधैं खाना खुसी भएर खान्छ ।<br>• बच्चालाई सधैं फरक फरक स्वादको खाना खुवाउनुपर्दछ ।<br>• बच्चालाई खाना पुगेमा बच्चाले मुख बटार्छ, पेट डम्म हुन्छ, खान मान्दैन ।<br>• बच्चालाई भोक लागेमा बच्चाले खाने बेलामा मुख मिठ्याउँछ, खानातिर हेर्छ । खाना देखेपछि बच्चा खुसी हुन्छ । अरुले खाना खाएको देख्दा खाना लिन खोज्छ ।<br><br>उक्त छलफल पश्चात छलफलको अन्तमा केही सहभागीमध्ये २-४ जनासँग प्रश्न सोधी कुनै जिज्ञासा भए प्रस्ट पार्नुहोस् । सहभागीहरूबाट आएका उत्तरलाई सकारात्मक रूपमा लिई छुटेका कुराहरू बताउनुहोस् । सहभागीहरूलाई उत्प्रेरित हुने कुरा सहजकर्ताले गर्नुहोस् र यो सेसनको अन्त्य गर्नुहोस् । | | |
| ३० मि. | बिरामी बच्चाको खुवाई तथा स्याहार | • सहभागीहरुले बिरामी बच्चाको खुवाई तथा स्याहार वारे वताउन सक्नेछन् । | **विधि**ः मष्तिष्क मन्थन, छलफल<br>**क्रियाकलाप**ः<br>सहभागीहरुलाई विरामी बच्चाको खाना सम्बन्धि उनीहरुको समुदायमा रहेको व्यवहारको बारेमा सोध्ने र विरामी बच्चाको खानपान, स्याहारमा गरिएका राम्रो कुराहरुलाई गरिरहन प्रोत्साहन गर्ने ,त्यसपछि निम्न कुराहरु बताउने ।<br><br>• बच्चा विरामी हुँदा उ आमासंग बस्न चाहन्छ, यस समयमा आमाले बच्चालाई बढी समय दिनुपर्छ । परिवारका सदस्यहरुले अन्य काम सघाईदिएर आमालाई बच्चासंग बस्ने समय मिलाई दिनुपर्छ ।<br>• विरामी बच्चाले खान मन नगर्ने हुँदा उसलाई नियमित रुपमा स्तनपान गराउनु र थोरै थोरै तर पटक पटक खानेकुरा खुवाउनु पर्दछ जसले गर्दा बच्चालाई पुनः सामान्य अवस्थामा फर्कन मद्दत मिल्दछ । ६ महिना पूरा नभएको बच्चालाई पटक पटक आमाको दूध खुवाई रहनु पर्छ ।<br>• बच्चालाई सन्चो भएपछि २ हप्तासम्म उसलाई संधैं खाईरहेको भन्दा थप एक | न्यूजपिन्ट, मार्कर | बिरामी बच्चाको खानाहरु कस्ता हुनेछ । बच्चालाई बिरामी अवस्थामा र बिरामीबाट निको भइसकेपछी के गर्नुपर्दछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | खाना खुवाउनु पर्छ जसले गर्दा बच्चालाई पहिलाको जस्तै बलियो हुन मद्दत पुग्छ ।<br>• बच्चा विरामी परेमा नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ ।<br><br>उक्त छलफल पश्चात् छलफलको अन्तमा केही सहभागीहरुलाई प्रश्न सोध्नुहोस् र आएका उत्तरहरुलाई उत्प्रेणा जगाउंदै सारसक्षेप गर्नुहोस् । अन्य केही प्रश्न भए प्रश्ट्याई छलफलको अन्त गर्नुहोस् । | | |
| ३० मि. | परिवार नियोजन | १. उपयुक्त गर्भाधान तथा गर्भान्तरका मुख्य सन्देशहरुको बारेमा जनाकारी प्राप्त गर्नेछन् ।<br><br>२. गर्भान्तरको समय अवधि कम भएमा पर्न सक्ने असरहरुको बारेमा बताउन सक्नेछन् । | **विधिहरु** : प्रवचन, छलफल, प्रश्नोत्तर<br>**क्रियाकलाप**:<br>सहभागीहरुलाई उपयुक्त गर्भाधान समय तथा गर्भान्तरकार बारेमा केकति थाहा छ भनेर जान्नको लागि निम्न प्रश्नहरु सोध्ने :<br>१) तपाईंको पहिलो बच्चा जन्मदा तपाईंको उमेर कति वर्षको थियो ? (१–२ जना सहभागीलाई सोध्ने)<br>२) तपाईंको विचारमा पहिलो बच्चा कुन उमेरमा जन्माउँदा उपयुक्त होला ?<br>३) तपाईंको दुई वटा बच्चाबीचको समय अन्तर कति छ र तपाईंको विचारमा गर्भान्तर ( पहिलो बच्चा जन्मेको दिन देखि दोस्रो बच्चा गर्भमा आएको समय) कतिको राख्दा उपयुक्त होला ?<br>४) यदि गर्भ खेर गएमा कति महिनापछि मात्र गर्भधारण गर्ने?<br>सहभागीबाट उक्त प्रश्नहरुको जवाफ आइसकेपछि छलफलको सार निकाल्दै उपयुक्त गर्भाधान समय तथा गर्भान्तरका मुख्य सन्देशहरु प्रस्ट पार्ने ।<br>➢ २० वर्ष पूरा भएपछि मात्र पहिलो गर्भधारण गर्ने ।<br>➢ एउटा बच्चा जन्मेपछि अर्को बच्चा चाहनेले २ वर्षपछि मात्र गर्भधारण गर्ने तर ५ वर्षभन्दा लामो अन्तर नराख्ने ।<br>➢ यदि गर्भ खेर गएमा ६ महिनापछि मात्र गर्भधारण गर्ने ।<br><br>**निष्कर्ष :** सो अवधिमा गर्भान्तरको लागि आफूलाई उपयुक्त कुनै एक परिवार नियोजनका साधन प्रयोग गर्नुहोस् ।<br><br>**गर्भान्तर समय अवधि कम भएमा अर्थत गर्भान्तर समय २४ महिनाभन्दा कम भएमा :**<br>➢ कम तौल भएका बच्चा जन्मने | तयारी न्युजप्रिन्ट : ३ वटा मुख्य सन्देशहरु | उपयुक्त गर्भ समय तथा गर्भान्तरका मुख्य सन्देशहरु केके हुन् ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ➢ महिना नपुगी सानो शिशु जन्मन सक्ने<br><br>**बच्चा खेर गएमा अर्को गर्भाधानको समय ६ महिनाभन्दा कम भएमा**<br>➢ लामो व्यथा लागेर आमाको मृत्यु हुन सक्ने<br>➢ समयभन्दा चाँडो, धेरै सानो वा कम तौल भएका शिशु जन्मन सक्ने<br><br>**गर्भान्तर धेरै लामो (५ वर्षभन्दा बढी) भएमा :**<br>➢ गर्भवती महिलालाई कम्पन हुने, मूर्च्छा पर्ने (Pre-eclampsia) जस्ता खतरा अत्यधिक हुने र आमा र गर्भस्थ बच्चा दुवैको जीवन जोखिमपूर्ण हुनसक्छ ।<br>➢ शिशु समयभन्दा पहिले जन्मने वा तौल कम भएको जन्मने हुनसक्छ ।<br><br>**२० वर्षभन्दा कम उमेरका किशोरीहरु पहिलोपल्ट गर्भवती भएमा**<br>➢ किशोरीहरुमा मानसीक तनावको स्थीती सृजना हुन सक्छ ।<br>➢ शिशु समयभन्दा पहिले जन्मने वा कम तौलको जन्मने हुन्छ ।<br><br>उपरोक्त कुराहरुमा छलफल गरिसकपछि सहभागीहरुको कुनै जिज्ञासा भए प्रश्ट पार्नुहोस् ।<br><br>प्रस्तुतीकरण पश्चात गरिएको क्रियाकलापहरूको सहभागीहरूलाई उपयुक्त गभाधार्न समय तथा गर्भान्तरका मुख्य सन्देशहरु केके हुन् ? भनी प्रश्न सोध्नुहोस् र सारसक्षेप गर्दै अन्य केही प्रश्न भए प्रश्ट्याई सेसनको अन्त गर्नुहोस् । | | |
| १ घण्टा | चर्पीको प्रयोग र बच्चाको दिसालाई सुरक्षित व्यवस्थापन | १. चर्पीको महत्व र प्रयोग सम्बन्धमा बताउन सक्नेछन् ।<br><br>२. बच्चाको दिसालाई सुरक्षित | **विधिः** मस्तिष्क मन्थन, तथा छलफल क्रियाकलाप<br>**क्रियाकलाप**:<br>सहभागीहरुलाई सरसफाई को वारेमा पुनरावलोकन तथा छलफल गर्‍यौं अब हामी चर्पीको प्रयोग र बच्चाको दिसालाई सुरक्षित व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा छलफल गर्नेछौ भन्ने कुरा जानकारी गराउनुहोस् ।<br><br>सहभागीहरुलाई निम्न विषयमा प्रश्न गर्दै सहजकर्ताले सहभागीहरुबाट आएका कुराहरुलाई पूर्व तयारी न्युज प्रिन्टमा “बच्चाको दिसा पनि हानिकारक हुन्छ” भन्ने शिर्षक लेखि त्यसको | न्यूजप्रिन्ट, मार्कट, पोष्टर चित्र | बच्चाको दिसा किन सुरक्षित रुपमा व्यवस्थापन गर्न पर्दछ ।<br>चर्पीको प्रयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | व्यवस्थापन गर्ने बारे भन्न सक्नेछन् । | मुनी तलका प्रश्नको उत्तर बुदागत रुपमा टिप्नुहोस् ।<br><br>छलफलका बुंदाहरु<br>१. बच्चाको र ठूला मान्छेको दिसामा के फरक छ ?<br>२. बच्चाको दिसा व्यवस्थापन गर्न समुदायको हालको अभ्यास के छ ?<br>३. बच्चाको दिसाको उचित व्यवस्थापन नगर्दा पर्न सक्ने हानिहरु के के हुन सक्छन् ?<br><br>उक्त कार्य पश्चात सहजकर्ताले निम्न कुराहरुलाई सन्देशको रुपमा पूव तयारी न्युज प्रिन्ट मानिसको एक ग्राम दिसामा भन्ने देखाई सहभागीलाई जानकारी गराउनुहोस ।<br><br>मानिसको एक ग्राम दिसामा<br>● १ करोड भाइरस (किटानु)<br>● १० लाख जीवाणु<br>● १ हजार परजीवी जुकाहरु तथा<br>● १ सय जुकाका अन्डाहरु हुन्छन<br><br>सहभागीहरुलाई बच्चाको दिसा र ठूला मानिसको दिसा दुवै समान हानिकारक छन् भन्ने जानकारी दिनुहोस ।<br><br>***नोटः शौचालयको प्रयोगले ३५ प्रतिशत सम्म सङ्क्रमणमा कमी ल्याउँछ ।***<br><br>उक्त छलफल पश्चात केही सहभागीहरुलाई चर्पीको प्रयोगबाट हुने फाइदाहरु के के हुन सक्छन भन्ने प्रश्न सोध्नुहोस् । सहभागीहरुबाट विभिन्न उत्तर आउन सक्छन आएका उत्तरहरुलाई सहप्रशिक्षको मद्दतले न्युज प्रिन्टमा टिप्नुहोस् र छलफल गर्नुहोस् । त्यस पश्चात पूर्व तयारी न्युज प्रिन्ट चर्पीको प्रयोगबाट हुने फाइदाहरु भन्ने देखाई व्यापक छलफल गर्नुहोस ।<br><br>**चर्पीको प्रयोगबाट हुने फाइदाहरु** :<br>१) दूषित पानी र सरसफाइको कमीका कारण लाग्ने रोगबाट बच्न । जस्तै : झाडापखाला, आउँमासी, टाइफाइड ज्वरो,हेपाटाइटिस आदि । | | किन आवश्यक छ । |

२) वृद्ध, बालबालिका, महिला, सुत्केरी, बिरामी र अपाङ्गता भएका साथै सबैको सुविधाका लागि ।
३) उपचारमा लाग्ने खर्चबाट बच्नको लागी ।
४) खतरनाक जीवजन्तुबाट बच्नको लागी ।
५) घाम, हावा, हुरी, बतासबाट बच्नको लागी ।
६) लाजसरमबाट बच्नको लागी ।
७) घर आँगन सफा राखी समुदायको इज्जत बढाउनको लागी ।

यी माथीका फाईदाहरु भन्दा पनि बढी बुंदाहरु सहभागीहरु बाट आउन सक्छन् त्यसलाई धन्यवाद दिंर्द चर्पीको प्रयोगबाट हुने फाइदाहरुलाई अब हामीले समूदायमा चपी बनाउने उत्प्रेरणा दिनु पर्दछ भन्ने जनकारी दिनुहोस् ।

**<u>बच्चाको दिसाको सुरक्षित ब्यवस्थापन</u>**

हाम्रो समाजमा साना बच्चाहरुको दिसालाई सामान्य फोहर मान्ने प्रचलन छ । यो प्रचलन राम्रो होइन किनभने आखिर दिसाबाट मानव स्वास्थ्यमा पर्ने जाने नकारात्मक असर साना बच्चाहरु र ठूला व्यक्तिहरुको दिसामा खासै भिन्नता रहदैन । तर्सथ यसरी साना बच्चाको दिसालाई बेवास्ता गर्ने तथा त्यसलाई सामान्य ठान्ने हाम्रो चलन बढि जोखिम पूर्ण रहन्छ । यसलाई प्राथमिकतामा राखि निम्न अनुसार ब्यवस्थापन गर्न आवाश्यक छ ।

**१. बच्चाको दिसालाई सुरक्षित ब्यवस्थापन कुन कुन उपायबाट गर्न सकिन्छ ?**

- साना बच्चाहरुलाई बेबी पट (Baby Pot) मा दिसा गराउने, पटमा भएको दिसालाई तुरुन्तै चर्पीमा फाल्ने
- पटलाई साबुनपानीले सफा गर्ने
- बच्चाले दिसा गरेको कपडा, थाङ्गना सुरक्षित ठाउँमा धुने
- बच्चाको दिसा धोएपछि साबुन पानीले मिचिमिचि हात धुने
- बच्चाको दिसालाई चर्पीमा नै विर्सजन गराउने
- बच्चाले दिसा गरेको कपडा निर्धारित ठाउ वा चर्पीमानै धुने
- दिसालाई चर्पीमा विर्सजन गरि सकेपछि चर्पी सफा गर्ने
- यदि बाहिर दिसा गरेको छ भने त्यसलाई माटोले पूर्ने

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ● सरसफाई तथा स्वच्छता बारेमा जानकारी गराउने<br><br>२. **बच्चाको दिसाको सुरक्षित व्यबस्थापन नहुदा के के प्रभाव पर्न सक्छ ?**<br>● दिसा मुखमा परी विभिन्न किसिमका रोग लाग्न सक्छ<br>● झिंगा लगायतका विभिन्न माध्यमबाट दिसा खानामा पुग्छ र प्रदुषित हुन्छ<br>● खुल्लाठाउमा दिसा गरायो भने बच्चाले दिसा खेलाउन र खान सक्छ<br>● कुकुर, कुखुरा जस्ता पशुपंछिले दिसा खाई खाना सम्म पुऱ्याउन सक्छन्,<br>● दिसा पानीको मुहानमा मिसिन सक्छ र पानीको स्रोत दुषित भई पानी जन्य सरुवारोग लाग्न सक्छ। जस्तै झाडापखाला, टाइफाइड, हैजा आदि<br>● बच्चा तथा परिवार विरामी भई आर्थिक भार बढ्न सक्छ। घरमा शान्ती हुदैन<br>● बच्चाको दिसा छोएपछि, धोएपछि साबुनपानीले हात नधुदा सजिलै दिसा मुखसम्म पुग्न सक्छ<br>● घर, आँगन, वातावरण दुर्गन्धित हुन्छ<br>● बच्चालाई जति पोषणयुक्त खानेकुरा खुवाउदा पनि प्रभाव कारी हुदैन बच्चा कुपोषीत हुन्छ<br>● बाल मृत्युदर बढ्छ<br>● सामाजिक प्रतिष्ठामा आघात पुग्छ<br><br>३. **बच्चाको दिसा व्यवस्थापन र पोषण संगको कस्तो सम्बन्ध छ ?**<br>**सरसफाई, स्वच्छता र पोषणको सम्बन्ध** :<br>● सरसफाई र पोषण एक अर्कासँग अन्तर्सम्बन्धित छन्। कुपोषण र रोगसंग लड्ने प्रतिरोधात्मक क्षमतमा ह्रास भएका बच्चामा झाडापखाला र अन्य रोगहरु सजिलै लाग्न सक्छन भने निरन्तर झाडापखालाजन्य रोग लागेमा कुपोषण हुने सम्भावना प्रवल रहन्छ भनि स्पष्ट पार्ने।<br>● तल उल्लेखित वुदाँहरु व्यख्या गर्ने – | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ● बच्चाको दिसाको सुरक्षित व्यवस्थापन गरियो भने रोगबाट बच्न र बचाउन सकिन्छ र बच्चा स्वस्थ हुन्छ<br>● बच्चाको दिसाको सुरक्षित ढंगले व्यवस्थापन नहुँदा पानी जन्य रोगमा बृद्धिहुन्छ र शरिरमा रहेको पोषण खेर जान्छ जसले बच्चा कुपोषित भइ बृद्धि विकासमा नकरात्मक असर पर्छ<br>● कोलिफर्म बच्चाको आन्द्रामा गएर पाचन प्रकृयालाई कमजोर बनाई बच्चाले खानाबाट पोषक तत्व शोसेर लिन सक्दैन । फिकल कोलिफर्म आन्द्रामा रहिरहेमा खानामा रुचि कम हुन्छ र खाना कम खाई बच्चाको बृद्धि बिकासमा असर गर्दछ ।<br>● बच्चालाई झाडापखाला जस्ता रोग लागि पौष्टिक तत्वको ह्रास हुन्छ ।<br>यसैले यस्ता रोग व्याधिबाट बच्न बच्चाका साथसाथै घरपरिवारका सबै सदस्यहरुको व्यक्तिगत तथा वातावरणीय सरसफाईमा बढि ध्यान पुऱ्याउनु पर्दछ । | | |
| १ घण्टा १५ मि | घरायसी खाद्यन्न उत्पादन | १ सहभागीहरुले घरायसी खाद्यान्न बगैंचाको बारेमा बताउन सक्नेछन् ।<br>२ बगैंचामा बर्षै भरी लगाउन सकिने विभिन्न प्रकारका तरकारीहरु र त्यसको उपभोगको बारेमा जानकारी प्राप्त गरी बताउन सक्नेछन ।<br>३ अर्धबन्देज खोरको | **क्रियाकलापः**<br>➢ सहजकर्ताले घरायसी खाद्यान्न उत्पादन भनेको के हो ? भन्ने बारेमा छलफल गराउनुहोस् ।<br>➢ तपाईको गाउँघरमा घरायसी बगैंचामा के-के लगाउनु भएको छ ? भनेर सोध्नुहोस्<br>➢ हरियो सागपात अर्न्तगत के-के लगाउने गरेको छ ? भनेर सोध्नुहोस् ।<br>➢ पहेंलो सागपात/फलफुल अर्न्तगत के-के लगाउने गरेको छ ? भनेर सोध्नुहोस्<br>➢ पशुपंक्षीबाट उत्पादन भएका खानेकुराहरु खाने चलन के छ ? भनेर सोध्नुहोस्<br>➢ हरेकबार खाना चार भन्नाले के बुझ्नुहुन्छ ? भनेर छलफल गराउनुहोस् ।<br><br>१. अन्न  २. गेडागुडी  ३. हरियो सागपात तथा पहेंला फलफुल  ४. पशुपंक्षीजन्य खानेकुराहरु | न्यूजप्रिन्ट, मार्कर, मास्किङ्ग टेप, स्थानिय स्तरमा उपलब्ध चार प्रकारको खानेकुराहरु, उचाई अनुसारको बाली पात्रो | घरायसी खाद्यान्न बगैंचा भनेको के हो ?<br>चार प्रकारको खाना के के हो ?<br>महिला र बालबालिकालाई चार प्रकारको खाना किन आवश्यक हुन्छ ?<br>अर्धबन्देज खोर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रयोगले बच्चालाई कुखुराको सुलिबाट टाढा राखी त्यसबाट हुन सक्ने संक्रमणबाट बचाउन सकिन्छ भनेर बताउन सक्नेछन् ।<br>५ मासु र अण्डा दुवै प्रयोजनका लागि कुखुरा पालनको आवश्यकताबारे बताउन सक्नेछन् । | ➢ स्थानिय स्तरमा उपलब्ध हुने खानेकुरा देखाएर सहभागीलाई छुट्टाउन लगाउनुहोस् र अन्तिममा सहजीकरण गर्नुहोस् ।<br>➢ यी चार प्रकारका खानाहरु खुवाउन सकिन्छ कि सकिदैन र खुवाउदा के फाईदा हुन्छ भनेर छलफल गराउनुहोस् ।<br>➢ बाह्रै महिना यी चारै प्रकारका खानेकुरा खान के के गर्नुपर्ला ? भनेर सोध्नुहोस् र बाली पात्रोको प्रयोग गर्दै स्पष्ट पार्नुहोस् ।<br>➢ तपाइँको गाउँघरमा कुखुरा पालन गर्ने गर्नुभएको छ ? भनेर सोध्नुहोस् ।<br>➢ तपाइँको गाउँघरमा कुखुरा कसरी पाल्ने गर्नुभएको छ ? भनेर सोध्नुहोस् ।<br>● खुला गरी पाल्ने<br>● अर्धबन्देज गरी पाल्ने<br>● बन्द गरी पाल्ने ।<br>➢ अर्धबन्देज खोर किन महत्वपूर्ण छ ? भनेर सोध्नुहोस् ।<br>● फोहर हुदैन ।<br>● तरकारी र कुखुरा दुबै उत्पादन गर्न सकिन्छ ।<br>● कुखुराको सुलि संक्रमणको कारक हो त्यसैले अर्धबन्देज खोरको प्रयोगले बच्चालाई कुखुराको सुलि बाट टाढा राखी त्यसबाट हुन सक्ने संक्रमणबाट बचाउन सकिन्छ ।<br>➢ कुखुरा पालनको महत्व के छ ? भनेर सोध्नुहोस् ।<br>➢ अण्डा र मासु उत्पादनका लागि<br>➢ बच्चाको लागि पूर्ण खानाको रुपमा प्रयोग गर्न<br>➢ पशुबाट उत्पादन हुने पोषक तत्वको लागि<br>➢ ६ महिनाभन्दा माथिका बच्चालाई तपाइँको गाउँघरमा कस्तो कस्तो प्रकारको खाना | | बनाउन किन आवश्यक छ ?<br>कुखुरा पालनको फाइदा के हो ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | खुवाउने चलन छ ? भनेर सोध्नुहोस् ।<br>गर्भवती तथा स्तनपान गराउने महिला लाई सधै बिभिन्न प्रकारका खानाहरु बिषेश गरी पशुपंक्षिजन्य उत्पादित खानेकुराहरु, फलफुलहरु र तरकारी तथा गेडागुडीहरु आवश्यकता हुन्छ । ६ देखि २४ महिनाभित्रका बालबालिकाहरुले शारिरीक तथा मानसिक वृद्धि बिकासका लागि विशेष गरी ४ प्रकारका खाने कुराहरु खानु आवश्यक हुन्छ ।<br>छलफल तथा सारांश निकाल्नुहोस । आएका जवाफहरुलाई सबैले देख्न सक्ने ठाउँमा राखिएको न्यूजप्रिन्टमा टिपोट गर्नुहोस् र अन्तिममा सहजिकरण गनुहोस् । | | |
| १ घण्टा ३० मि | अन्तर व्यक्ति सञ्चार | १. अन्तर व्यक्ति सञ्चार गर्ने तरिकाहरूबारे थाहा बताउन सक्नेछन ।<br>२. सहभागीहरूले अन्तरव्यक्ति सञ्चार गर्ने सीपको भुमीका प्रदर्शन गर्न सक्नेछन ।<br>३. सहभागीहरु अन्तरव्यक्ति सञ्चारको आवश्यकता र महत्वबारे भन्न सक्नेछन । | **विधिः** (अभिनय)<br>**क्रियाकलाप**:<br>सहभागीमध्य २ जनालाई अगाडि बोलाएर पहिले तल दिइएका बुादाहरूमा अभिनय गर्न लगाउने<br>➢ एकै सतहमा नबसेको<br>➢ ध्यान दिएर कुरा नसुनेको<br>➢ कुरा गरिरहादा पनि अरु काम पनि गरिरहेको<br>➢ हतार गरेको<br>➢ उसको समस्या पत्ता नलगाई आफ्ना कुराहरु राखेको<br>पुनः सहभागीहरुमध्ये २ जनालाई बोलाएर तल दिइएका बुदामा अभिनय गर्न लगाउने<br>➢ एकै सतहमा मिल्ने गरी बसेको<br>➢ ध्यान दिएर, सुहाउादो गरीआाखामा हेर्ने<br>➢ कुरा गरिरहादा अन्य काम नगर्ने<br>➢ *आ, अनि, के, ओहो, भन्नुस् न जस्ता शब्दहरुको प्रयोग गर्दै सेवालिन आउने व्यक्तिलाई आफ्नो कुरा भन्न अभिप्रेरित गर्ने*समय पूरा दिने -हतार नगर्ने) | न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड | ▪ अन्तरव्यक्ति सञ्चारका तरिकाहरु केके हुन् ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ➢ सुहाउादो गरी बीचबीचमा हल्का हातले छुने ।<br>GALIDRAA अनुसार गर्ने<br>दुवै अभिनयको बारेमा निम्न प्रश्नहरु सोधी छलफल गराउनुहोस्<br>➢ दुवै अभिनयमा फरक के पाउनुभयो र किन ?<br>➢ दुवैमध्ये तपाईलाई कुनचाहि ठीक लाग्यो ?<br>**घटना अध्ययन :**<br>बिनाको बच्चा जन्मिएको ९ दिन भयो । आज उनको घरको चलन अनुसार चोख्याउने दिन । नुहाउन धारामा आएकी छन् । सङ्गीता पनि पानी लिन त्यहीं पुगेकी छिन् । राम्रोसंग दूध नआएर बच्चा रोएको रोयै छ ।<br>दोस्रो अभिनयलाई जोड्दै : अन्तरव्यक्ति सञ्चार तरिकाबारे छलफल गर्ने :<br>–नमस्कार गर्ने, सन्चोबिसन्चो सोध्ने ।<br>–आमाको अवस्था र बच्चाको उमेर अनुसार  के कसो छ, सोध्ने ।<br>–उसले भनेको कुरालाई ध्यानपूर्वक सुन्ने, उसको हाउभाउ हेर्ने ।<br>–उसले गरेका राम्रा व्यवहारको प्रशंसा गर्दै सुधार गर्नुपर्ने कुरा छलफल गर्दै पत्ता लगाउने ।<br>–उक्त सुधार गर्नुपर्ने व्यवहारलाई कसरी सुधार गर्न सकिन्छ, छलफल गर्ने ।<br>–उसले गर्न सक्ने कुराहरुमा छलफल गर्दै तुरुन्तै गर्न सक्ने १, २ वटा व्यवहार गर्न सहमत गराउने ।<br>अर्को पटक भेटघाटका लागि समय मिलाउने ।<br>**सुनाइ तथा सिकाइका सीपहरु (प्रदर्शन)**<br>–सहभागीहरुबीच जोडी बन्न लगाउने<br>–जोडी सहभागीबीच १ मिनेटका लागि एकै समयमा दुवै जनाले कथा भन्न लगाउने<br>–त्यसपछि ठूलो समूहमा निम्न कुराहरु सोध्ने : | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | –एकै समयमा दुवै जनाले कुरा गर्दा कस्तो अनुभव गर्नुभयो ?<br>–त्यो कथामा के भनिएको थियो, तपाईले कथा बुझ्न सक्नुभयो ?<br>त्यही जोडीमा उक्त अभ्यास दोहोर्‍याउने तर यस पटक भने एक जनाले भनेको कुरा ध्यान दिएर सुन्ने ।<br>त्यसपछि पालैपालो साथीबाट आफूले सुनेको कथा उसैलाई भन्न लगाउने ।<br>ठूलो समूहमा सहजकर्ताले निम्न कुराहरु सोध्ने :<br>तपाईले भनेको कथा तपाईको साथीले कतिसम्म सही भन्न सक्नुभयो ?<br>तपाईले कथा भन्दा र अरुले सुनिरहेको देख्दा मनभित्र कस्तो अनुभव गर्नुभयो ?<br>**प्रश्नहरु सोध्ने** :<br>➢ प्रत्येक सहभागीलाई सहजकर्तासंग एउटा प्रश्न सोध्न भनेर अनुरोध गर्ने । सहजकर्ताले सत्यतथ्य जवाफ दिनेछन् । (एउटा प्रश्न गरेपछि त्यो सहभागीलाइ सहजकर्ताले दोस्रो प्रश्न गर्न नदिने)<br>➢ त्यो अभ्यासबाट तपाईले के थाहा पाउनुभयो ? (कुनै प्रकारको प्रश्नले धेरै सूचना पाउनुहुन्छ भने कुनैले थोरै मात्र भनेर भन्ने)<br>खुल्ला प्रश्नहरु प्रायः किन, कसरी र कहां बाट सुरु हुन्छन् । र धेरै कुराहरु प्राप्त गर्न तपाई कस्तो माध्यम अपनाउनुहुन्छ ? भनि सोध्ने<br>**अवलोकन तथा सम्बन्ध स्थापना**<br>माथि गरिएका भूमिकाहरुलाई सम्झाउदै तलका बुधाहरुमा छलफल गर्ने<br>● शरिरको हाऊभाऊको अवलोकन गर्ने<br>● सकारात्मक आदरभाव देखाउने<br>● साझेदारी निर्माण गर्ने<br>● सकारात्मक प्रतिउत्तर दिन | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपरोक्त कुराहरुमा छलफल गरिसकपछि अव सहभागीहरुलाई अन्तरव्यक्ति संचारको महत्व के रहेछ भनि छलफल गर्दै प्रष्ट पार्ने<br>● *कुनै व्यक्ति वा समूहसंग आत्मीय सम्बन्ध स्थापना गरि विश्वास कायम गर्न ।*<br>● *सहजरुपले समस्या र त्यसको कारण पत्ता लगाउन*<br>● *कुनै पनि संवेदनशिल विषयमा दोहरो छलफल गरि निर्णयमा पुग्न मद्दत पुऱ्याउन ।*<br>● *गोपनियता कायम राख्न ।*<br>● *विषयवस्तुबारे राम्रोसंग बुझ्न र स्पष्टसंग बुझाउन*<br>● *कुनै पनि विषयमा पृष्ठपोषण लिन वा दिन ।*<br>● *ज्ञान, धारणा र व्यवहारमा परिवर्तन ल्याउन ।*<br>● *विभिन्न शैक्षिक एवं व्यवहार परिवर्तनका सहयोगी सामाग्रीहरु प्रयोग गरि व्यवहार परिवर्तनको लागि उत्प्रेरणा गर्न ।*<br>● *सन्देशको असर कस्तो परिरहेको छ भन्ने अनुगमन गर्न ।*<br><br>सहभागिहरुमा कुनै जिज्ञासा भए प्रश्ट पार्नुहोस्<br><br>प्रस्तुतीकरण पश्चात गरिएको क्रियाकलापहरूको सहभागीहरूलाई अन्तरव्यक्ति सञ्चारका तरिकाहरु केके हुन् ? भनी प्रश्न सोध्नुहोस् र सारसक्षेप गर्दै अन्य केही प्रश्न भए प्रश्ट्याई सेसनको अन्त गर्नुहोस् । | | |
| २० मि. | बञ्चितमा परेका हरुको समावेशी | बञ्चितिमा परेकाहरु तथा सहभागी हुन नसकेका समूहलाई एकिकृत पोषण कार्यक्रममा समावेश गर्नेछन् । | **विधि** : छलफल<br>**क्रियाकलापः**<br>➢ सहभागीहरुलाई उहाहरुको समुदायमा /कार्य क्षेत्रमा १००० दीनका महिलाहरुमा बञ्चितिमा परेका वा सहभागी नभएका कोको छन् र किन सहभागी भएनन् भनि सोध्ने<br>➢ उनीहरुलाई कसरी पोषण कार्यक्रममा समावेश गर्न सकिन्छ भनि छलफल गर्नुहोस् ।<br>➢ उनिहरुलाई कार्यक्रममा सहभागी गराउन धेरै जरुरी छ भनि जाड दिने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ४० मिनेट | परिवारको सहयोग | १. महिला ताथ बाल बालिकाको पोषणको अवस्था सुधारको लागि परिवारको सहयोगको महत्व सहभागीहरुले बताउन सक्नेछन् ।<br>२. महिलाको घरायसी काममा परिवारको सहयोग र आवश्यकता बारेमा बताउन सक्नेछन् । | **विधि** : मस्तिष्क मन्थन<br>**क्रियाकलाप**<br>➢ एक दिन भरि १००० दिनको महला र त्यहि घरको पुरुषले विहान देखि राती सम्म गर्ने कामको सुचि तयार पार्न लगानुहोस् ।<br>➢ तयार भएको सुची हेर्दा कामको वोझ वढी कसलाई छ भनी छलफल गर्नुहोस् ।<br>➢ कामको वोझ हुंदा हामीले छलफल गरेका व्यवहार लागु गर्न गाह्रो पनि हुन सक्छ भनी छलफल गर्नुहोस् ।<br>➢ तसर्थ ती कामको वोझ कम गरी हामीले छलफल गरेको कुरा व्यवहारमा उर्तान महिलालाई श्रीमान् तथा परिवारका सदस्यहरुको सहयोगको आवश्यकता पर्छ भन्ने कुरालाई प्रष्ट पार्नुहोस् ।<br>➢ सहभागीहरुलाई गोपनियताको विश्वासनियता दिएर जोडी बनाएर परिवारको सहयोग पाएका र नपाएका व्यक्तिगत अनुभव सुनाउन लगाउनुहोस् ।<br>➢ एक अर्काको घटना सुनेर कस्तो अनुभव भयो ? छलफल गराउनुहोस् ।<br>➢ सहयोग पाउंदा कस्तो अनुभव भयो ? र नपाउंदा कस्तो भयो ? भनि प्रश्न राखि छलफल गर्ने<br>➢ सहयोग आवश्यक पर्ने अवस्थाको लागि मस्तिष्क मन्थन गर्दै ती अवस्थाको चित्रहरु टाँस्नुहोस् र निम्न अनुसार पूर्व तयारी न्यूजप्रिन्ट देखाई व्याख्या सहित छलफल गर्नुहोस् ।<br>***महिलाको घरायसी काममा परिवारको सहयोग र आवश्यकता***<br>✓ बच्चा र आमाको स्वास्थ्य राम्रो र बलियो बनाउन घरायसी कार्यहरु र सरसफाईमा सहयोग गर्नु पर्छ ।<br>✓ घरायसी खाद्यान्नको उत्पादनमा सहयोग गर्नुपर्छ । | न्यूजप्रिन्ट, मार्कर, मास्किङ्ग टेप चित्रहरु | महिलालाइृ परिवारको सहयोगको आवश्यक कि हुँदो रहेछ ? महिलालाइृ कुन कुन कार्यमा परिवारको सहयोगको आवश्यकता पर्दछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ✓ खानाको उपलब्ध तथा पहुँचमा सहयोग गर्नुपर्छ ।<br>✓ थप खाना समयमा खुवाउनलाई सहयोग गर्नुपर्छ ।<br>✓ टाढा गएर काम गर्नुपर्ने स्तनपान गराइरहेकी आमालाई स्तनपान गराउनका लागि समय उपलब्ध गराउनु पर्छ ।<br>✓ आमा र बच्चाको स्वास्थ्यको लागि स्वास्थ्य संस्थामा जाने र स्वास्थ्य सेवा लिन सहयोग गर्ने । जस्तैः बच्चा र आमा बिरामी हुँदा, गर्भवती जाँच गर्न, सुत्केरी गराउन स्वास्थ्य संस्थामा लान, परिवार नियोजनको साधनको परामर्श लिन र त्यसको प्रयोगका लागि, तौल जाँच गर्न सहयो गर्नु पर्छ ।<br>✓ समुह तथा बैठकमा सहभागि हुन परिवारमा सहज बाताबरण बनाउनु पर्छ ।<br><br>सहभागीहरुलाई माथी उल्लेखित अभ्यास गरी सके पश्चात "एकअर्काको घटना सुनेर कस्तो अनुभव भयो ?" भनेर छलफल गराउनुहोस् र महिलाको घरायसी काममा परिवारको सहयोग र आवश्यकता बारे मनन् गर्न अनुरोध गर्नुहोस् । | | |
| ४५ मि. | स्वास्थ्य आमा समुह बैठक र पोषीलो खानाको प्रर्दशन | १. सहभागीहरुले आफ्नो आफ्नो वार्डमा स्वाथ्य आमा समुहको बैठकलाई प्रभाबकारी बनाउन रणनिति बनाउने छन् ।<br><br>२. पोषिलो खाना प्रदर्शन निर्देशिका वारे जानकारी प्रप्त गरर्नेछन् । | **विधिः** मस्तिष्क मन्थन, तथा छलफल क्रियाकलाप<br>**क्रियाकलाप**<br><br>**<u>स्वस्थ्य आमा समूह वारे छलफल</u>**<br>● तपाईहरुको वार्डमा कस्ता कस्ता समुहहरु छन ? यी समुहहरुले स्वास्थ्य बारे छलफल गर्छन् कि गर्दैनन्?<br>● तपाईहरुको वार्डमा स्वाथ्य आमा समुहको बैठक बस्ने गरेको छ कि छैन्?<br>● यदि बैठक बस्ने गरेको छ भने कहिले कहिले बस्ने गरेको छ ? यदि बस्ने गरेको छैन् भने किन? सहभागिले दिएको उत्तरहरु न्यूजप्रिन्टमा लेख्नुहोस् र छलफल गर्नुहोस् ।<br>● स्वास्थ्य आमा समुहको बैठकमा को को सदस्यहरु तथा सहभागिहरु छन्?<br>● हजार दिनको आमाहरु छन् कि छैन् ? ( हजार दिनको महत्व बारे छलफल गर्नुहोस्)<br>● हजार दिनको आमाहरुलाई बैठकमा उपस्थिति अनिवार्य गराउनको लागि के के | छलफल कार्ड, स्वस्थ्य आमा समूह निर्देशिका, पोषिलो खाना प्रदर्शन निर्देशिका | स्वाथ्य आमा समुहमा को को सदस्यहरु तथा सहभागिहरु हुन्छन्?<br><br>पोषिलो खाना प्रदर्शन गर्दा के के कुरामा ध्यान दिनु पर्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गर्न सकिन्छ ? (सहभागिले दिएको उत्तरहरु न्यूजप्रिन्टमा लेख्नुहोस् र ्।<br>● सहभागिले दिएको उत्तरहरु माथि छलफल गर्दै त्यसलाई आफ्नो आफ्ना वार्डमा लागु गराउनको लागि प्रतिबद्धता बनाउनुहोस् ।<br><br>**<u>पोषिलो खाना प्रदर्शन बारे</u>**<br>पोषिलो खाना प्रदर्शन निर्देशिका प्रयोग गरि यसको महत्व र उद्देश्य बारे प्रस्ट पार्नुहोस् ।<br>तल दिएको वुदाँ अनुसार प्रष्ट पार्नुहोस् ।<br><br>➢ म.स्वा.स्व.से ले प्रत्येक महिना संचालन गर्ने स्वस्थ्य आमा समूहको बैठक अझ प्रभावकारी बनाउने उद्देश्यले सुआहारा कार्यक्रम अन्तरर्गत प्रत्येक तीन महिनामा पोषिलो खानाको प्रर्दशन गर्नको लागि प्रत्येक वार्डमा आवश्यक वजेट बिनियोजित गरीएको छ ।<br>**कसरी संचालन गर्ने ?**<br>➢ एउटा वार्डमा एक पटकको लागि कति बजेट बिनियोजित गरिएको छ । प्रत्येक पटक पोषिलो खानाको प्रर्दशन फरक फरक बिषयहरुमा स्थानिय स्तरमा उपलब्ध हुने खानेकुराहरुलाई प्रबर्द्धन गर्नुपर्दछ जसले गर्दा घरपरीवार/आमाहरुले व्यवहारमा सजिलै लागु गर्नेछन् । खाना प्रर्दशन गर्दा सम्बन्धित वार्डको महिला स्वास्थ्य स्वयं सेवीकाको मुख्य भुमिका हुनेछ भने सुआहारा कार्यक्रमको फिल्ड सुपरभाइजरले प्राविधीक सहयोग रहने छ ।<br>● **सहभागिहरुलाई पोषिलो खानाको पप्रर्दशन गर्दा ध्यान दिनु पर्ने कुराहरु तल उल्लेख गरे अनुसार प्रस्ट पार्नुहोस् ।**<br>✓ प्रदर्शन गर्ने स्थान खुल्ला , सफा र सबैले देख्ने हुनु पर्दछ। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ✓ बच्चा भएका आमा वा परिवारका व्यक्तिहलाई अघिल्तिर राख्नु पर्दछ।<br>✓ खानाको प्रदर्शन गर्दा स्थानिय स्तरमा नै उपलब्ध भएको खानेकुराहरुको प्रयोग गर्ने जस्तै हरियो सागसब्जी, फलफूल, गेडागुडी, माछामासु आदी।<br>• **पोषिलो खानाको प्रर्दशन संचालन गर्दका चरणहरु बारे प्रस्ट पार्नुहोस् ।**<br>✓ चरण पहिलो (पूर्व तयारी)<br>✓ दोस्रो चरण *(पोषिलो खानाको प्रर्दशन संचालन गर्दा)*<br>✓ तेस्रो चरण *(पोषिलो खानाको प्रर्दशन पछिको अनुगमन )* | | |
| | कार्यक्रम समापन | | अन्त्यमा सहभागीमध्यबाट कसैलाई बोलाएर २ दिनको पुनतार्जगी तालिमको बारेमा दुई शब्द राख्न लगाई कार्यक्रम सपन्न गर्ने । | | |

**मनोरन्जनका लागि :**

**सुन कुखरीको कथा**

एक जना किसानले बजारबाट एउटी कुखुरी किनेर ल्याएछन् । भोलिपल्ट कुखुरी राखिएको ठाउँमा एउटा फूल देखेर किसान निकै खुसी भए । फूल सुनको थियो । दिनको एउटा सुनको फुल भेटेर किसानको स्तर पनि राम्री हुँदै गयो । किसानको आनी बानि तथा आवश्यकतामा समेत परिवर्तन आउन थाल्यो । आवश्यकता बढ्दै गयो । अब दिनको एउटा मात्र सुनको फुलले उसलाई पुगेन । उसले एकै पटक धेरै सुन निकाल्ने विचारलेसुन कुखुरीलाई चारो बढायो । भोली पल्ट केही फरक पाएन । त्यसपछि कुखुरीलाई चारो बढायो । भोलि पल्ट केहि फरक पाएन । त्यसपछि कुखुरीले अघाएर खान छोडे पछि आफैले कोचि कोचि धेरै खुवायो । भोली पल्ट धेरै फूल टिप्ने सुरले ठूलो टोकरी बोकेर बिहानै कुखुरी राखेको ठाउँमा पुग्यो कुखुरी मरिरहेको देख्यो । कुखुरीको पेट ठूलो थियो । पेट चिरेर हेऱ्यो । कुखुरीको पेट खाली छाति पिटि पिटि रोयो । बेलामा विचार नपुऱ्याउदा र बढी लोभले गर्दा दिनका दिन सुनको फुल पारिराखेको कुखरी समेत गुमाउन पुग्यो । **शिक्षा**ः समय अनुसार चल्न नै कि बुद्धिमानी हो । त्यसैले हाम्रो गर्भवती तथा बालबालिकाालाइ उमेर अनुसार दिनुपर्ने जति उचित पोष्यिलो खानेकुर ादिएर स्वस्थ्य र निरोगी बनाऔं समय भन्दा अघि पछि गरेको काम उचित हुदैन ।

*यो तालिम पुस्तीका अमेरीकी अन्तराष्ट्रिय विकास नियोग (युएसएड) को माध्यमबाट अमेरीकी नागरिकद्धारा प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो ।*